# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपालबाट पद तथा गोपनीयताको सपथ ग्रहण

नव नियुक्त गभर्नर डा. चिरंजीबि नेपालले आज सर्वोच्च अदालतका सम्माननीय कायममुकायम प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठबाट पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु भयो ।



यस अघि चैत ५ गते बसेको नेपाल सरकार (मन्त्रिपरिषद्)को बैठकले अर्थमन्त्री डा. रामशरण महतको संयोजकत्वमा गठित सिफारिस समितिले सम्भावित गभर्नरको रुपमा वरिष्ठ अर्थविद् डा. चिरंजीबि नेपाल, बैंकका डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले र महा प्रसाद अधिकारीको नाम सिफारिस गरेकोमा डा. नेपाललाई गभर्नर पदमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

शपथ ग्रहण पश्चात सम्माननीय कायममुकायम प्रधान न्यायाधीश श्री श्रेष्ठले गभर्नर डा. नेपाललाई बधाइ ज्ञापन गर्नुभयो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न, मुलुकको वित्तीय प्रणालीलाई थप मजबुत तुल्याउन र आर्थिक वृद्धिका लागि मौद्रिक नीतिको प्रभावकारितालाई अझ सशक्त पार्न नव नियुक्त गभर्नर डा. नेपाललाई सफलता मिलोस् भनी हार्दिक शुभकामना व्यक्त गर्नु भयो ।

### पद बहाली र नीतिगत सम्बोधन

सपथ ग्रहणपश्चात गभर्नर डा. नेपालले आजै बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा पदबहाली गर्नुभयो । पदबहालीपश्चात् बैंक परिसरमा आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले केन्द्रीय बैंकको गभर्नरको रूपमा वित्तीय क्षेत्र स्थायित्वलाई पहिलो प्राथमिकता दिने धारणा राख्नु भयो ।

अर्थतन्त्रमा केन्द्रीय बैंकको एउटा सानो निर्णयले पनि ठूलो प्रभाव पार्ने तथ्य औंल्याउँदै गभर्नर डा. नेपालले संस्थागत सुशासन, वित्तीय पारदर्शिता, वित्तीय सेवाको पहुँच विस्तार र बैंकिङ्ग क्षेत्रको मानव संशाधन विकासलाई उच्च प्राथमिकता दिने कुरा स्पष्ट पार्नु भयो । अर्थ व्यवस्थाको आवश्यकता अनुसार गरिने नीतिगत सुधारले निजी क्षेत्रको विश्वास बढ्दै गएर विश्व परिदृष्यमै नेपाल पनि लगानीको एउटा सुरक्षित गन्तव्य भएको सन्देश जानेछ भन्ने विश्वास सो अवसरमा गभर्नर डा. नेपालले व्यक्त गर्नु भयो । वित्तीय क्षेत्रको सुदृढीकरण, समष्टिगत आर्थिक स्थायित्व र दीगो आर्थिक विकास जस्ता कुराहरू केन्द्रीय बैंकको एकल प्रयासबाट मात्रै संभव नहुने भएकोले नेपाल सरकार, नीजि क्षेत्र, लगानीकर्ता, बैंकिङ्ग समूदाय, सञ्चार जगतसँग आवश्यक सहकार्य गरिने बैंकको नीतिमाथि उहाँले प्रकाश पार्नु भयो ।



(शपथ ग्रहण पश्चात्को कार्यक्रममा गभर्नर डा. नेपाल)

## शैक्षिक पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागबाट अर्थशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गभर्नर डा. नेपालले बनारस हिन्दू विश्व विद्यालय, भारतबाट २०५१ सालमा "श्रम र अर्थतन्त्रको सम्बन्ध" का बारेमा विद्यावारिधि गर्नु भएको हो । बाल्यकालको प्रारम्भिक शिक्षा काठमाडौंमै सुरु गर्नु भए पनि भैरहवा माध्यमिक विद्यालय, भैरहवाबाट एस.एल.सी. उत्तीर्ण गरे पश्चात गभर्नर डा. नेपालले त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाबाट स्नातक गर्नु भएको हो ।

## गहन अनुभव

विगतमा त्रिभुवन विश्वविद्यालय अन्तरगत २२ वर्ष नियमित प्राध्यापन सेवामा रहनु भएका गभर्नर डा. नेपालले काठमाडौ विश्व विद्यालयमा ६ वर्ष भिजिटिङ फ्याकल्टीको रुपमा समेत प्राध्यापन गर्नु भएको हो ।

सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख आर्थिक सल्लाहकार, तत्कालीन माननीय अर्थ मन्त्री श्री शंकरप्रसाद कोइरालाका आर्थिक सल्लाहकार जस्ता जिम्मेवारी सह्माल्नु भएका गभर्नर डा. नेपालसँग तत्कालीन परराष्ट्र मन्त्री र नेपाल सरकार अर्थ, मन्त्रालयको सल्लाहकारको अनुभव समेत छ ।

आर्थिक क्षेत्रको अध्ययन, अनुसन्धान र सूक्ष्म विश्लेषण गर्न रुचि राख्नु हुने गभर्नर डा. नेपालले विगतमा नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल च्याम्बर अफ कमर्स जस्ता निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाको वरिष्ठ सल्लाहकारको जिम्मेवारी पनि निर्वाह गर्नु भएको छ । नेपाल धितोपत्र बोर्डको अध्यक्ष भई नियामक निकायको प्रमुखको रुपमा रहँदा पुँजी बजारको नीतिगत सुधार, व्यवस्थापकीय सुदृढीकरण र सूचना प्रणालीको आधुनिकीकरण गर्न अहम् भूमिका खेल्नु हुने गभर्नर डा. नेपालसँग अन्तर्राष्ट्रिय समुदायकाबीच प्राज्ञिक र नीतिगत सहकार्य गरेको अनुभव पनि छ । SNV, GIZ, UNDP, DFID, एसियाली विकास बैंक, विश्व बैंक लगायत अन्य अन्तर्राष्ट्रिय निकायहरुसँग विभिन्न समयमा उच्चस्तरीय सहकार्य गर्नु भएका गभर्नर डा. नेपालले Millenium Challenge Cooperation को प्रमुख अर्थशास्त्रीको समेत कार्यभार सम्हालिसक्नु भएको हो ।

## विस्तारित जनसम्पर्क

२०१५ साल माघमा जन्मनु भएका गभर्नर डा. नेपाल उच्च राजनैतिक तह, निजी क्षेत्र, ब्युरोक्रेसी र सामाजिक संघ संस्थाहरुसँग निरन्तर सम्पर्कमा रही यथार्थपरक ढाँचाबाट आर्थिक चिन्तन गर्नु हुन्छ । संचारजगत, कर्मचारी, नागरिक समाज र श्रम संगठनसँग सन्तुलित सम्पर्कमा रही सहभागितामूलक व्यवस्थापनलाई अँगाल्ने गभर्नर डा. नेपाल पारदर्शिता र नतिजामुखी कार्यशैलीका पक्षपाती हुनुहुन्छ ।

## र, अन्त्यमा

निवर्तमान गभर्नर डा. युवराज खतिवडाको अन्तिम कार्यदिन २०७१ चैत ५ गते नै सरकारले नयाँ गभर्नरको रुपमा डा. नेपाललाई नियुक्त गरेको हो । यसै गरी चैत ६ र ७ गते सार्वजनिक विदा परेकाले चैत ८ गते नव नियुक्त गभर्नर डा. नेपालले पद तथा गोपनीयतको शपथ ग्रहण गरी कार्यभार सम्हाल्नु भएको हुँदा केन्द्रीय बैकमा नेतृत्व रिक्तता नरहेको परिदृष्यलाई आर्थिक क्षेत्रले सकारात्मक रुपमा लिएको छ ।

यस परिप्रेक्ष्यमा नेपाल राष्ट्र बैंक परिवार नेपाल सरकारप्रति आभार व्यक्त गर्दै नव नियुक्त गभर्नर डा. चिरंजीबि नेपालको कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।